*केन्द्रीय कार्यालय*
बालुवाटार, काठमाडौं
फोन नं. ४२१२६९
फ्याक्स नं.४१४५५२
E-mail nrbnbd@ntc.net.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

श्री मकालु यातायात सहकारी संस्था लिमिटेड, ट्राफिक चौक विराटनगर,मोरङ्गलाई यस बैंकबाट प्रदान गरिएको सीमित बैंकिङ्ग कारोबार गर्ने ईजाजतपत्र रद्ध गरिएको बारे

नेपाल राष्ट्र बैंकको अत्यन्त जरुरी सूचना

श्री मकालु यातायात सहकारी संस्था लिमिटेडले संस्थाको समग्र वित्तीय स्थितिमा सुधार गरी सोको प्रगति तथा संस्थाको वित्तीय अवस्थामा सुधार गर्ने व्यवसायिक योजना पेश गर्न यस बैंकबाट दिईएका निर्देशन परिपालना गर्न नसकेको, साथै संस्थाको तर्फबाट कुनै ठोस योजना समेत पेश नभएको, आफ्नो वित्तीय स्थितिमा सुधार गरी पूँजी बृद्धि योजना वा कार्यक्रम समेत पेश गर्न नसकेको, मिति २०६१ पौषको उपलब्ध वित्तीय विवरणलाई विश्लेषण गर्दा (रु.६६०२ हजारले कम कर्जा नोक्सानी व्यवस्थालाई समायोजन गर्दा) प्राथमिक पूँजी रु.४३९० हजार ऋणात्मक हुन गएको र ऋणात्मक प्राथमिक पूँजीलाई सुधार गर्ने सम्बन्धमा कुनै योजना तथा कार्यक्रम पेश गर्न नसकेको साथै, २०६१ पौषमा रु.१०२८ हजार संचित नोक्सानी हुन गएकोमा समायोजित वित्तीय विवरण पश्चात रु.६६०२ हजार थप नोक्सानी हुन गई सो नोक्सानी रु.७६३० हजार हुन पुगेको, तथा कर्जा वर्गिकरण र सोको लागि गर्नुपर्ने नोक्सानी व्यवस्था समेत यस बैंकको निर्देशन अनुसार नभएको । प्राथमिक पूँजीमा सुधार भई पूँजीकोष तथा वित्तीय श्रोत संकलन सीमा लगायतका निर्देशनको पालना नभएको । तर, संस्थाको कर्जा प्रवाहमा बृद्धि हुन गई सम्पत्तिमा निहित जोखिम भने बढदैं गएको र सोको लागि यस बैंकबाट जारी निर्देशन अनुरुप कर्जा नोक्सानी व्यवस्था हुन नसकेको , संचित नोक्सान बढ्दै गएको तथा संस्थाको वास्तविक वित्तीय स्थिति संस्थाले प्रेषित गरेको वित्तीय विवरण अनुसारको नरहेको हुँदा संस्थालाई यथास्थितिमा राखी कारोबार गर्न दिदा सदस्य निक्षेपकर्ताहरुको अहित हुने देखिएकोले उक्त संस्थालाई यस बैंकबाट सीमित बैंकिंग कारोवार गर्न मिति २०५१।११।१६................मा प्रदान गरिएको ईजाजतपत्र नेपाल राष्ट्र बैंक ऐंन, २०५८ को दफा १०० को उपदफा (१) को खण्ड (ज) बमोजिम मिति २०६२।४।२३ को निर्णयानुसार रद्द गरिएको व्यहोरा जानकारी गराईएको छ ।

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*केन्द्रीय कार्यालय*
बालुवाटार, काठमाडौं
फोन नं. ४२१२६९
फ्याक्स नं.४१४५५२
E-mail nrbnbd@ntc.net.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३